नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

( ........................................ शाखा)

त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ०८०/०८१

चलानी नम्बर :- ३९१४८

मिति : २०८०-१०-०४

विषय :- कम्पनी दर्ता भएको प्रमाणपत्र पठाइएको ।

श्री मन कुमार पुरी

बुढानिलकण्ठ नगरपालिका-११,काठमाण्डौ

तपाई समेतले **बुढानिलकण्ठ नगरपालिका-११,काठमाण्डौ,बागमती** मा रजिष्ट्रार्ड कार्यालय स्थापना गरी प्रबन्ध पत्रमा उल्लेख भएको काम गर्ने उद्देश्यले श्री **ट्रेकिङ नेपाल** नामको कम्पनी दर्ता गरी पाउन प्रबन्ध पत्र तथा नियमावली समेत साथमा राखी दिनु भएको निवेदनमा कारवाही हुँदा माग अनुसारको कम्पनी संस्थापन गरीदिने निर्णयानुसार कम्पनी संस्थापन भएको **नं. ३२७४३४** मिति **२०८०-१०-०४** को सक्कल प्रमाण-पत्र र प्रबन्ध-पत्र तथा नियमावली १/१ प्रति साथै राखी पठाईएको छ। त्यस कम्पनीले निम्न शर्तहरुको पालना गर्नु पर्ने व्यहोरा पनि सूचना गरिएको छ ।

## शर्तहरु:-

१) अधिकृत पूँजी **रू. २,५००,०००** कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी **रू. २,५००,०००** तत्काल चुक्ता पूँजी **रू. २,५००,०००** कायम गरिएको छ ।

२) कम्पनी कानून अनुसारको पेश गर्नु पर्ने सबै कागजातहरु तोकिएको म्याद भित्र पठाउनु पर्नेछ ।

३) कम्पनी कानून तथा अन्य प्रचलित ऐन नियमको प्रतिकुल हुने गरी कुनै कार्य गर्न पाइने छैन ।

४) शुद्ध नेपाली भाषामा ठूलो अक्षरमा कम्पनीको नाम लेखिएको साइनबोर्ड सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

५) कसैलाई पिरमर्का नपर्ने गरी कम्पनीको स्थापना गर्नु पर्नेछ ।

६) कम्पनीको हिसाब किताब कम्पनी कानूनमा व्यवस्था भए अनुसार राख्नु पर्नेछ ।

७) कम्पनीको प्रबन्धपत्र र नियमावलीका दफा एवं नियमहरु संसोधन गर्नुपर्ने भए कम्पनी कानून बमोजिम गरी स्वत: अभिलेख हुने व्यवस्था गरेकोमा वाहेक अन्यको हकमा यस कार्यालयबाट अभिलेख गराई सकेपछि मात्र संसोधित दफा र नियमहरु लागू हुनेछन ।

८) कम्पनी कानून बमोजिम कम्पनी संस्थापना भएको ३ महिना भित्र ठेगाना उल्लेख गरी कार्यालयमा पेश गरी सक्नुपर्नेछ । अन्यथा कानून बमोजिम जरीवाना लाग्नेछ । साथै सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कम्पनी दर्ता गराई स्थायि लेखा नम्बर लिनुहोला ।

## विशेष शर्तहरु:

१) प्रबन्ध-पत्रमा उल्लेखित उद्देश्य कार्यान्वयनका लागि अनुमति लिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि र उधोग दर्ता गर्नु परेमा दर्ता गर्नु परेमा दर्ता गरिसकेपछि मात्र कार्य गर्नु पर्नेछ। कम्पनी दर्ता भएकोलाई नै उद्देश्य कार्यान्वयन गर्ने इजाजत प्रदान भएको मानिने छैन ।

२) कम्पनी कानून बमोजिम कार्य सम्पादन गरि यस कार्यालयमा पठाउनु पर्ने कागजातहरु म्याद भित्र अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

३) यो कम्पनीको नाम दर्ता गर्दा पहिलो दर्ता भएको कुनै व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा सो नाम संशोधन गर्नुपर्ने छ ।

४) यो कम्पनीले उत्पादन गर्ने वस्तु वा सेवामा कुनै व्यापारिक नाम वा चिन्ह (Trade name वा Trade mark) प्रयोग गर्ने भएमा पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२ बमोजिम दर्ता गराएर मात्र गर्नु पर्ने छ ।

सहायक रजिष्ट्रार

**बोधार्थ:**

श्री उधोग विभाग, त्रिपुरेश्वर

श्री घरेलु तथा साना उधोग विभाग/कार्यालय .................

श्री आन्तरिक राजश्व विभाग/कार्यालय ...................

श्री नेपाल राष्ट्र बैंक अनुसन्धान शाखा, बालुवाटार

श्री ..........................................................